# बौधीमाई नगरपालिका

# १० औं नगर सभा

## आ. व. २०८२/०८३ को नीति तथा कार्यक्रम एवं बजेट बक्तव्य

**बौधीमाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सरमुजवा, रौतहट**

**बौधीमाई नगरपालिकाको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम**

**नगर सभा अध्यक्ष ज्यू,**
**प्रमुख अतिथी तथा विशिष्ठ अतिथि ज्यु,**
**नगर सभा सदस्य ज्यूहरु, पत्रकार तथा उपस्थित सबै सज्जनवृन्द ।**

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, मधेश आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं ज्ञात अज्ञात सहिदहरुलाई सम्मान गर्दै रौतहट जिल्लाको बौधीमाई नगरपालिकाको दोश्रो कार्यकालको तेश्रो ऐतिहासिक १० औं नगरसभामा सहभागि सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु ।

नेपालको संविधान २०७२ अनुसार संघिय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास, समृद्धिको अकांक्षा पुरा गर्न दोश्रो पटक स्थानीय तहको निर्वाचन सम्पन्न भई संविधान र प्रचलित कानूनको अधिकार सम्पन्न रुपमा प्रस्तुत भएको स्थानीय सरकारको तर्फबाट तेश्रो पटक यस सार्वभौम नगर सभामा सबै वडा र विभिन्न क्षेत्रबाट प्राप्त सल्लाह सुझाव र मेरो आफ्नो व्यक्तिगत सोच र समझदारीका आधारमा आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूती गरि रहेकी छु । साविक ५ वटै गा.वि.स.हरु अजगैवी, सरमुजवा, पिपरिया (प.), इनरवारी ज्यूताही र इनर्वा मिलेर बनेको बौधीमाई नगरपालिकाको वडा नं.१ देखी ९ सम्म तिब्र विकास र समृद्धिको कार्यदिशा अघि बढाउन तथा यहाँ सबै नागरिकको सुखी, जीवन यापनको लागि हामीलाई यो महत्वपूर्ण जिम्मेवारी र कार्यभार सुम्पिने सबै नगरबासी दाजु भाई, दिदी बहिनीहरु र समस्त शुभेच्छुक र सरोकार पक्षहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस नगरपालिकाको सोच, समुन्नत भौतिक पूर्वाधार, सामाजिक विकास सहित सांस्कृतिक रुपमा उत्कृष्ट नगरपालिका बनाउने छु ।

**उद्देश्य:-**आन्तरीक आय पहिचान तथा आन्तरीक आय वृद्धि गर्दै न्यायोचित वितरण सहित, आर्थिक, सामाजिक विकास तथा भौतिक पूर्वाधार लगायतका क्रियाकलाप मार्फत समृद्ध नगरपालिका बनाउने ।

अब आर्थिक वर्ष २०८२/०८३ मा बौधीमाई नगरपालिकाले अवलम्वन गर्ने वियषगत क्षेत्रका रणनीतिहरु संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

## १. क्षेत्रगत नीति तथा कार्यक्रमः

### १. आर्थिक विकासः

### क) कृषि तथा पशु विकासः

- कृषि क्षेत्रको आधुनीकिकरण मार्फत नगरपालिकाको आत्मनिर्भरतालाई सुनिश्चित गर्न विभिन्न अनुदानका कार्यक्रम सञ्चालन गरिनेछ।
- रासायनिक विषाधीको प्रयोगलाई न्यूनीकरण गर्न आवश्यक प्रवन्ध गरिनेछ।
- माटो परीक्षण सम्बन्धि तालिम तथा शिविर सञ्चालन गरिनेछ।
- सहकारी संस्थाहरुको सहकार्य तथा साझेदारीमा सहुलियतपूर्ण अनुदानको व्यवस्था गरिनेछ।
- वैदेशिक रोजगारबाट फर्किएका एवं स्वदेशमानै बेरोजगारका रुपमा रहेका युवालाई कृषि तथा पशुपालन क्षेत्रमा आकर्षित गरिनेछ।
- कृषि तर्फ वालि बिमाको कार्य अघि बढाईने छ ।
- पशु तर्फ पशुपंन्छी तथा मत्स्य बिमालाई प्रभावकारी वनाउन आवश्यक वजेट विनियोजन गरिनेछ ।
- यस नगरपालिकाको वडा नं. १ र २ को लागि भुवालि चोक. वडा नं.३ र ४ को लागि इनरवारि. वडा नं.५ र ६ को लागि कोपवा र वडा नं.७.८ र ९ को लागि बंकुल सरमुजवा बजारमा स्थापना गरिएको कृषि सेवा केन्द्रमा कृषि तथा पशु प्राविधिक, जनशक्ति थप गरि सेवा प्रवाह चुश्तदुरुस्त रुपमा अघि वढाईनेछ ।
- घाँसको विउ वितरणको लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।
- स्थानीय कृषकहरुलाई घाँसको परनिर्भरताबाट मुक्त गर्न कम्तिमा एउटा घाँसेबाली स्रोतकेन्द्र स्थापना गरिनेछ।
- पशुपंक्षीहरुलाई लाग्ने विभिन्न रोगव्याधिको निदान गरी आवश्यक औषधि वितरणको व्यवस्था मिलाईनेछ।साथै स्थलगत रुपमै गई पशुपंक्षीहरुको रोग निदान गर्न पशु स्वास्थ्य शिविर संचालन गरिनेछ।
- ५ वटा भन्दा बढी गाई/भैसिं पशुपालन गर्ने किसानलाई अनुदानको व्यवस्था गरिनेछ।
- कृषि मिटर महशुलमा निरन्तर रुपमा सतप्रतिशत अनुदान दिईनेछ ।
- वडा नं.१,२,३ र ४ लाई लक्षित वगर खेति कार्यक्रम संचालन गरिनेछ ।
- चैते धानको उत्पादन र उत्पादकत्व वृद्धि गर्न चैते धान खेती गर्ने कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम अघि बढाईनेछ ।
- गुणस्तरीय विउ विजन वितरणका लागि आवश्यक वजेट विनियोजन गरिने छ ।
- नगरपालिका भित्र रहेका कृषकहरुलाइ प्रोत्साहन भत्ताको शुरुवात गरिने नीति लिएकी छु ।
- किसानहरुको पेशालाई व्यवसायीकरण गर्नको लागि कोल्ड स्टोर स्थापना गर्न नीति लिएकी छु ।

- पशु बिमा कार्यक्रमको लागि संघीय सरकार वाट दिदै आएको अनुदान बाहेक न.पा. वाट थप अनुदान दिइने निति लिएकी छु ।
- किसानहरुको खेतको जग्गाको माटो परिक्षण गर्नको लगि सुबिधा सम्पन एक लैबको स्थापना गरिने छ । जस अन्तर्गत धर्तिको डाक्टर मशीन खरिद गरिने छ ।
- बेमौसमी खेति गरिने किसानहरु लाई आवश्यक अनुदान दिइने निति लिएकी छु ।
- प्रत्येक वडाको छेउमा कृषि गोदाम घर निर्माण गरिनेछ ।

**ख) पर्यटनः**

स्थानीय भाषा, संस्कृति, रहनसहन एवं सम्पदाको जगेर्ना गरी सांस्कृतिक मेला प्रदर्शनीको पहल गरिनेछ।

- यस बौधीमाई नगरपालिकाको एक स्थानमा नमुना पर्यटकीय स्थलको निमार्णको सुरुवात गर्न पहल गरेकी छु।

**ग) वित्तीय व्यवस्था**

- नगरपालिकाका सबै व्यवसायी, उद्योगी, व्यपारी ,निजी विधालय ,अस्पताल तथा क्लिनिक एवं सेवा प्रदायकलाई पालिकासंग सुमधुर सम्वन्ध कायम गर्न, अपनत्वको भावना विकाश गर्न र सुरक्षीत महशुस गर्न पालिकामा व्यवसाय दर्ता गराइ तोकिएको करको दायरामा ल्याइनेछ
- वडा कार्यालय मार्फत हुने राजश्व संकलन नियमित अनलाईन गरिदै यस प्रणालिलाइ सुदृढ गर्दै लगिने छ ।
- यस नगरपिलका अन्तर्गत रहेको इनर्वा र बंकुल वजारको सार्वजनिक सटर कोठालाई भाडामा लगाई आम्दानीसंग जोडिने छ ।
- यस नगरपालिका अन्तर्गत रहेका मुख्य पाँच वटा हाँट वजारलाई नियमन गरि आम्दानिको श्रोतसंग जोडिने छ ।
- यस नगरपालिका भित्र रहेका कल कारखाना, उद्योग, निजि विद्यालय, अस्पताल, फार्मेसि तथा पसलहरुलाई नियमको दायरामा ल्याई राजश्वसग जोडिने छ ।
- न पा भित्र रहेको सार्वजनिक पोखरीहरुलाई कडाईका साथ ठेक्का लगाईने छ ।

**२. सामाजिक बिकासः**

**क) शिक्षाः**

- नगरपालिका भित्र रहेका विद्यालयहरुको भौतिक संरचनालाई क्रमिक सुधार गर्दै लगिनेछ।
- यस नगरपालिकाको श्री शारदा मा.वि पिपरीयामा प्राविधिक शिक्षालयको स्थापना गर्न आवश्यक पहल गरेकी छु ।
- शिक्षक शिक्षिकाहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ।

- पालिका स्तरीय एक ई-लाईब्रेरी स्थापना गर्न गैर सरकारी संघ संस्थाहरुसंग समन्वय गरिनेछ।
- एम वि वि एस को प्रवेश परिक्षामा छात्रवृत्तिमा उतिर्ण गर्ने विद्यार्थीलाई आर्थीक सहयोग स्वरुप रु.एक लाख र ईन्जिनीयरिङ्ग प्रवेश परिक्षामा छात्रवृत्तिमा उतिर्ण गर्ने विद्यार्थीलाई आर्थीक सहयोग स्वरुप रु.पचास हजार उपलब्ध गराईनेछ ।
- कक्षा १ देखि कक्षा ५ सम्म अनिवार्य अंग्रेजी कक्षा संचालन भएकोमा सुधार गर्दै लगिनेछ
- ३ वटा मा वि मा एक एक जना कार्यालय सहयोगि थप गरिनेछ ।
- ३ वटा मा वि र कोपवा आधारभुत विद्यालयमा शिक्षकहरु र विद्यार्थीहरुलाई क्यू आर सहितको कार्ड सहित जोडिने छ ।
- अपाङ्ग विद्यालयलाई थप स्तर उन्नतीका साथ यातायातको व्यवस्था गरिनेछ ।
- यस पालिका भित्र नगर शिक्षकको व्यवस्था गरिने छ ।
- विद्यालयहरुको एकै विद्यालय कलर कोड अनुसार रंगरोगन गर्नको लागि आवश्यक बजेट बिनियोजन गरिनेछ।
- शिक्षा सम्बन्धी स्थनीय तहको नगरशिक्षा योजना निर्माण भइ सकेको , कार्यविधि, निति तथा निर्देशिका लगायतका कानून निर्माण गरिनेछ ।
- सबै विद्यालयहरुमा इनटरनेट तथा कम्युटरको पहुँच पुर्‍याइनेछ।
- सामुदायिक विद्यालयमा दिइदै आएको छात्रवृति कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- शिक्षक र प्रधानाध्यापकहरुको कार्यसम्पादन मूल्याङ्कन शैक्षिक नतिजामा आधारित बनाइनेछ।
- विषयगत शिक्षक शिक्षीकाहरुको विषयमा कम्तीमा ५०% विद्यर्थी उतिर्ण नभएमा शिक्षा ऐन २०२८ बमोजिम हुनेछ ।
- विद्यालय व्यवस्थापन समिति नभएका विद्यालयमा समिति गठन गर्न आवश्यक पहल गरिनेछ।
- आ.व.२०८२/०८३ मा वाल श्रम मुक्त पालिका वनाउने कृयाकलाप गरिनेछ ।
- बालविकास शिक्षीकाहरुलाई अवश्यक तालिमको व्यवस्था मिलाइनेछ ।
- विद्यालय वाहीर रहेका वालवालिकाहरुलाइ शिक्षाको पहुचमा ल्याइनेछ ।
- आमा वुवा नभएका विपन्न समुदायका घरपरिवारको वालवालिकाको शिक्षाको पहुचमा ल्याई सम्पूर्ण खर्च नगरपालिकाले व्यहोर्ने व्यवस्था मिलाईनेछ ।
- नगरप्रमुख संग वालवालिकाको अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- साक्षर पालिका घोषणा का कृयाकलाप गरिनेछ ।

- हेलो मेयर कार्यक्रमलाई निरन्तर्ता दिइनेछ ।
- गुजरामाईको मैदानमा क्रिकेट स्टेडीयमको कार्य सुरु गरिनेछ ।
- शिक्षक सेवा आयोगको कक्षालाई निरन्तर्ता दिदै लोक सेवा आयोग तयारी कक्षा संचालन गरिनेछ ।
- अनाथ बालबालिकाहरुको लागि शिक्षा तथा पालन पोषाणको लागि आवश्यक नीति लागु गरिनेछ ।शिक्षाको पहुँचबाट बञ्चित रहेका बालबालिकाहरुको लागि शिक्षाको पहुँचमा ल्याउनको लागि आवश्यक नीति लागु गरिनेछ ।
- न.पा. भित्ररहेका सरकारी विद्यालयकहरु र बोर्डिङ्ग स्कुल बिचका छात्र छाताहरुलाई बिच प्रतिस्पर्धा गराई क्रमश प्रथम, द्वत्तिय र तृतिय हुने विद्यालय र विद्यार्थीहरुलाई आवश्यक पुरस्कार दिइने नीति लिएकी छु ।
- एस.ई.मा न.पा. भित्र रहेका सरकारी विद्यालयहरुको क्रमश प्रथम, द्वत्तिय र तृतिय स्थान प्राप्त गर्ने छात्र छात्राहरुलाई आवश्यक पुरस्कार दिईने नीति लिएकी छु ।
- कक्षा ११, १२ र स्नातक (Bachelor) प्रदेश स्तरमा अथवा राष्ट्रिय स्तरमा प्रथम, द्वत्तिय र तृतिय स्थान प्राप्त गर्ने छात्र छात्राहरुलाई आवश्यक पुरस्कार दिईने नीति लिएकी छु ।
- शिक्षकहरुको मनोबल उच्च राख्नको लागि आवश्यक नीति लिएकी छु ।

**ख) स्वास्थ्यः**

| क्र.स. | भावी कार्यक्रम र योजना हरु |
|---|---|
| | **नेतृत्व तथा सुशासन** |
| १ | नगर स्वास्थ्यनीति, ऐन तयार पारिने छ। |
| २ | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरिनेछ। |
| ३ | सुत्केरि पस्चात सरसफाइ प्रवर्द्धनका लागि सरसफाइ पैकेज वितरण गरिने छ। |
| ४ | गुणस्तरसुधार टोलीलाई सुदृधिकरण गरी स्वास्थ्य सेवाहरुको नियमित अनुगमन , स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि, आवश्यकता अनुसार पुर्नताजिकी अन साइड तालिम संचालन गरिनेछ। |
| ५ | महिला ,किशोरिहरुका लागि शसक्तिकरण का कृयाकलाप संचालन गरिने छ। |
| ६ | महिला स्वास्थ्य स्वयम् सेविका तथा स्वास्थ्यआमा समुहको क्षमता अभिवृद्धि र नियमित बैठकालाई निरन्तरता दिईनेछ। |
| ७ | पालिका स्तरीय प्रकोप पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण स्थानीय विपत जोखिम व्यवस्थनपन ऐन तथा कार्यबिधि तयार गरिने छ। |
| ८ | संघ, प्रदेशसँग समन्वय गरी स्वास्थ्य बिमा कार्यक्रम विस्तार तथा प्रभावकारी कार्यान्वयन् गर्नुका साथै लक्षित वर्गलाई अनुदान दिईनेछ। |
| ९ | स्वास्थ्य सिविर तथा वाल अपाड. स्वास्थ्य सिविर जस्ता कृयाकलाप संचाल्न गरिने छ। |
| १० | स्वास्थ्य सम्बन्धी जनचेतना मुलक कार्यक्रम निरन्तर रुपमा संचालन गरिनेछ । |

| स्वास्थ्य सेवाप्रवाह | |
|---|---|
| ११ | स्वास्थ्य संस्थाहरुबाट प्रदानहुने स्वास्थ्य सेवाहरुको गुणस्तर सुनिश्चिततताकायम गर्न स्वास्थ्य संस्थामा न्युनतम सेवा मापदण्ड (**Minimum Service Standard**) लागु गर्ने र नियमित अनुगमन तथा स्थलगत अनुशिक्षण गरिने छ। |
| १२ | स्वास्थ्य सेवामा कार्यरत करारका कर्मचारीहरु अ.हे.व.,अ.न.मी .ल्याव असिस्टेन्ट ,कार्यालय सहयोगी ,सरसफाइ सहयोगी र कुकलाई कार्य सम्पादनको आधारमा निरन्तर्ता दिदै प्रदेश/संघ लोक सेवा आयोगलाई स्थायी पदपूर्तिका लागि माग गरिनेछ । |
| १३ | उपमेयरसंग आमा सुरक्षा कार्यक्रम संचालन तथा प्रवर्धन गरिनेछ । |
| १४ | मदिरा तथा सुर्ती जन्यपदार्थ को सेवन बाट मानब स्वास्थ्य मा पर्ने नकारात्मक असर बारे जनचेतना अभिवृद्धि गरिनेछ। |
| १५ | बढ्दै गइ रहेको नसर्ने रोगहरु तथा मानसिक रोगहरु को प्रभाव न्युनिकारणको लागि स्वास्थ्य सचेतना, उपचार तथा ब्यस्थापनको सरल र सहज पहुच बिस्तार तथा अवश्यकता अनुसारको पुर्न स्थापना सेवा समेत संचालन गरिनेछ। |
| १६ | प्रतिकारात्मक तथा प्रवर्धनात्मक स्वास्थ्य सेवालाई जोड दिई स्वास्थ्य सेवा प्रवर्धनका लागि बिशेष कार्यक्रमहरु संचालन गरिनेछ। |
| १७ | नसर्ने रोगको शीघ्र निदान र पहिचानका लागि स्वास्थ्य कर्मिहरुवाट घरदैलो कार्यक्रम संचालन गरिनेछ |
| १८ | आमा सुरक्षा कार्यक्रमलाई प्रथमिकता दिई सुत्केरी भेट, जन्मपूर्व तयारी, गर्भवती स्याहार अभियान, सुरक्षित मातृत्व जस्ता कार्यक्रमलाई नियमित संचालन गरि थप नविनतम कार्यहरु को थालनी गरिनेछ |
| १९ | स्वास्थ्य शिक्षा, सूचना तथा संचार सामग्रीहरुको छपाई, तयारी, प्रकाशन तथा वितरण को ब्यस्थापन मिलाइनेछ। |
| २० | हरेक वडामा गुणस्तरिय स्वास्थ्य सेवा प्रबाहका कृयाकलाप गरिनेछ । |
| २१ | स्वास्थ्य संस्थाहरु, स्वास्थ्य सेवा इकाई, खोप क्लिनिक, गाउघर क्लिनिक, आमा समूह रहेको भवन लगायत अन्य पुर्बाधार विकासमा आवश्यकतामा अधारित कार्य गरिनेछ। |
| २२ | बिकासमा महिला, काममा पहिला भन्ने नारा लाई आत्मसाथ गरि महिला स्वास्थ्य स्वयं सेविका हरु मार्फत आमा समूह हरु को प्रभाबकारी र ब्यवस्थित परिचालन र नियमित वैठक गरिनेछ |
| २३ | स्वास्थ्य सम्बन्धित विभिन्न घुम्ती शिबिरहरु (आखा, नाख, कान, घाटी, सामान्यचिकित्शा, छाला) लगायत परिवार नियोजन सम्बन्धि SATELLITE शिविरहरु संचालन गरि स्वास्थ्य सेवा को पहुँच वृद्धि गरिने छ। |
| २४ | स्वास्थ्य सम्बन्धिअन्य सचेतना फैलाउन सडक नाटक, प्रदर्सनी, तालिम, क्षमताविकास को गतिबिधि हरु साथै आबश्यकता अनुसारको रेडियो कार्यक्रम हरु संचालन गरि, स्वास्थ्य सम्बन्धि बिबिध विषयमा सामाजिक सचेतीकरण गरिनेछ। |
| २५ | स्वास्थ्य सेवाहरुको गुणस्तर सुनिश्चितता र सुधार गर्न कार्ययोजना सहयोग(QI action plan support) कार्य अघि वढाइने छ। |
| २६ | प्रोटोकल अनुसार (**ANC, PNC**) जाँच सुनिश्चित गर्न फलोअप भेटघाट, गरिनेछ। |
| २७ | सुरक्षित मातृत्व स्वास्थ्य सेवालाई थप सुदृढ बनाउनकालागि **Birthing Center** लाई थप व्यवस्थित गर्दै दक्ष जनशक्ति, उपकरणको सुनिश्चितता गरिने छ। |

| | |
|---|---|
| २८ | आधारभुत स्वास्थ्य सेवाको पहुँचबाट बन्चित, सिमान्कृत तथा दुर्गम समुदायलाई लक्षित गरी एकिकृत स्वास्थ्य शिविर, **Screening camp,** महिलाहरुको पाठेघरको मुखको क्यान्सरको जाँच शिविर संचालन तथा निरन्तरता गरिने छ । |
| २९ | गुणस्तरीय प्रसुती सेवाको लागि उपकरण व्यवस्थापन गरिनेछ । |
| ३० | संस्थागत २४ सै घण्टा प्रसुती सेवादिन प्रत्येक **Birthing center** मा कम्तिमा १ जना **SBA** को व्यवस्थापनलाई निरन्तरता तथा सुनिश्चितता गरिने छ । |
| ३१ | स्वास्थ्य संस्थाहरुमा बिरामी कुरुवा र सुत्केरी आमाहरुको लागि अनिवार्य २४ घण्टा सम्म बस्ने स्थानको व्यवस्थापन कार्य अझ व्यवस्थित गरिने छ । |
| ३२ | गर्भवती, सुत्केरी आमा र बच्चाहरुको पोषण स्थिति सुधार्न साथै संस्थागत सुत्केरी (**No More Home Delivery**) प्रर्वद्धन गर्न बृहत पोषण तथा सरसफाई प्यकेज वितरण कार्य गरिने छ । |
| ३३ | आकस्मिक अवस्थाको लागि **Referral fund**तथा**Emergency Obstetric fund** व्यवस्थापन गरि कार्य गरिने छ । |
| ३४ | स्वास्थ्य संस्थामा ५ किसिमका परिवार नियोजनका साधनको व्यवस्था गर्न प्रदेश स्वास्थ्य निर्देशनालय संगको समन्वयमा स्वास्थ्यकर्मीलाई **LARC** तालिमको व्यवस्था गरिने छ । |
| ३५ | परिवार नियोजन सेवाको पहुँच कम भएको क्षेत्र पहिचान गरी स्याटेलाईट **Camp** संचालन गरिने छ । |
| ३६ | कुपोषित बालबालिकालाई वृद्धि अनुगमन गरि कुपोषणको उपचार र निशुल्क प्रेषणको साथै छयरोग जाँचको व्यवस्था मिलाईनेछ । |
| ३७ | छुटेका बालबालिकाहरुलाई खोप लगाउन अभियान संचालन गरी पूर्ण खोप पालिका खोज र खोप अभियान तादारुक्ताका साथ लागु गरिने छ । |
| ३८ | किशोर किशोरी मैत्री स्वास्थ्य सेवा सुदृधिकरण गर्न आवश्यक उपकरण, परार्मश कक्ष निर्माण, पोषण कर्नरको व्यवस्थापन गरिने छ । |
| ३९ | किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी जनचेतना अभियानसुरु गरिनेछ । |
| ४० | प्रदेश सरकारको समन्वयमाविद्यालय नर्स कायक्रमको संचालन तथा व्यवस्थापन सुरु गरिनेछ । |
| ४१ | आवश्यक स्वास्थ्य सामाग्री, औषधी तथा उपकरण खरिद तथा ढुवानीगरिने छ । |
| ४२ | स्वास्थ्यदिवस मनाउने (**FP, MHM, TB day, FCHV day, iodine month**), अनुगमन तथा व्यवस्थापन गरिने छ । |
| ४३ | सर्ने तथा नसर्ने रोगहरु रोकथामतथा नियन्त्रणका लागि जनचेतना, सर्वेक्षण तथा अनुगमन गरिने छ । |
| ४४ | स्वास्थ्य संस्था जन्य फोहोर तथा संक्रमण रोकथामको लागि स्वास्थ्यकर्मीहरु, कार्यालय सहयोगिलाई **Whole site orientation व्यवस्था गरिनेछ ।** |
| ४५ | औचित्यताको अधारमा प्रयोगशाला सेवाको विस्तार गर्ने कार्य गरिने छ । |
| ४६ | स्वास्थ्य सम्बन्धि सेवाहरुको प्रगतिको नियेमित रुपमा अर्ध बार्षिक र बार्षिक समीक्षा गरि सहभागिता मुलक योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ । |
| ४७ | महिला स्वास्थ्य स्वयमसेविका बाट आमा समूहमा नियमित पोषण प्रबर्धन स्वास्थ्य प्रबर्धन तथा सरसफाईका कार्यक्रमहरु संचालनमा जोड दिइनेछ साथै आमा समूह को प्रभाबकारी परिचालन गर्ने ब्यबस्था मिलाईने छ । |
| ४८ | कम उमेर को बिबाह, कम उमेरमा गर्भबती हुनेको संख्या घटाउन को लागि समुदायक सचेतना का |

| | |
|---|---|
| | कार्यक्रम गरिनेछ। |
| ४९ | किशोरि स्वास्थ्य शिक्षा सहित २० वर्ष पारि विहेवारी कार्यक्रमलाइ निरन्तर्ता दिईनेछ । |
| ५० | नगरपालिका क्षेत्र भित्र १५/ सैयाको अस्पताल भवन निर्माणको लागि सम्बन्धित निकायमा आवश्यक बजेट व्यस्था मिलाइ भवन निर्माण कार्य सम्पन्न गरि सेवा संचालन गरिनेछ । |
| ५१ | स्वास्थ्यका वैकल्पिक पद्दती संचालन गर्न गराउन पहल गरिनेछ । |
| **स्वास्थ्य सूचना प्रणाली व्यवस्थापन** | |
| ५२ | स्वास्थ्य संस्थाबाटै **eLMIS, DHIS** रेर्कडिङ र रिर्पोटिङ अझ व्यवस्थित गरिदै इ एच एम आइ एस लागु गरिनेछ। |
| ५३ | स्वास्थ्यकर्मीहरुलाई **DHIS 2, eLMIS, RDQA** सम्बन्धी तालिम पुर्न ताजगि तालिम संचाल्न गरिने छ। |
| ५४ | गर्भवती. प्रसुती र सुत्केरीलाई प्रेषणका लागि निशुल्क एम्वुलेन्स सेवालाई निरन्तरता दिईनेछ । |
| ५५ | गर्भवतीलाई पोषण प्रवर्द्धनका लागि पहिलो भिजिटमै करेसावारी सम्वन्धी विउविजन उपलब्ध गराईनेछ |
| ५६ | मासिक, चौमासिक, अर्धबार्षिक तथा वार्षिक स्वास्थ्य कार्यक्रम समिक्षा तथा योजना तर्जुमा गरिनेछ। |
| ५७ | **HMIS** तथा **LMIS**का रिर्पोटिङ औजार (**Reporting Tools**) छपाई तथा ढुवानी कार्य व्यवस्थित गरिनेछ |

- मेयरसंग आमजनताको स्वास्थ्य सुधार कार्यक्रम निरन्तर्ताको साथै मेरो स्वास्थ्य मेरो जिम्मेवारी कार्यक्रम लागु गरिनेछ र स्वास्थ्यका विशेष कृयाकलाप संचाल्न गरिने छ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्घि गर्दै वडा, वस्ति, टोलस्तरमा उनीहरुको सिप, दक्षता, अनुभवको उच्चतम प्रयोग गर्दै खोप केन्द्रहरुलाई व्यवस्थित ढंगले संचालन गरिनेछ ।साथै उनीहरुको मनोबल बढाउन प्रोत्साहन भत्ता निरन्तरता गरिनेछ।
- ६० बर्ष भन्दा माथिका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मान जनक विदाई गरिनेछ।
- यस नगरपालिका क्षेत्र भित्ररहेको एम्बुलेन्सको उचित व्यबस्थापन गरि संचालन गरिनेछ।
- पूर्ण खोप दिगोपना निरन्तर कायम गरिने कृयाकलाप गरिने छ।
- गर्भवतीहरुको लागि गर्भवती पोषण कार्यक्रमलाई निरन्तर्ता दिईनेछ ।
- गर्भवतीहरुको लागि निशुल्क अल्ट्रा साउण्ड सेवा प्रत्येक वार्ड मै निरन्तर गरिनेछ।
- स्वास्थ्य संस्थालाई नेटवर्किङ संग जडान गरी अनलाईन रिपोर्टिङको व्यवस्था गरिनेछ ।साथै स्वास्थ्य कर्मीहरुलाई अन लाईन काम गर्न थप क्षमता बृद्धि गरिनेछ।
- विशेषज्ञ चिकित्सकहरुको समन्वयमा एकिकृत घुम्ती शिविर संचालन गरिनेछ।
- नगरपालिका र विमकको सहकार्यमा स्वास्थ्य बिमा अभियानको रुपमा सञ्चालन गरिनेछ।
- विपन्न नागरिकको उपचारका लागि (उपचार कोष निर्देशिका बनाई) उपचार कोष मार्फत सहायता गरिनेछ।
- स्वास्थ्य क्षेत्रसँग सम्बन्धित अन्य विषयहरुलाई आवश्यकता तथा औचित्यताका आधारमा नियमित गर्दै लगिनेछ।

- स्वास्थ्य बिमालाई प्रभावकारी बनाउनको लागि न.पा. वाट **विमितको १०% व्यवहोरने निति लिएकी छु ।**
- **२०% छुटमा औषधी विक्रि वितरण गरनको लागि एक नगर**स्तरिय औषधी पसलको स्थापना गरिने छ

**ग) खानेपानी तथा सरसफाईः**

- स्वच्छ खानेपानिमा बौधीमाई बासीको पहुँच अभिवृद्धि गरिनेछ।
- नगर भित्र ठाँउ ठाँउमा शुद्ध खानेपानिको लागि डिप बोरिङ्गको व्यवस्था गरिनेछ |
- प्रत्येक वडामा सरसफाई, फोहोरमैला तथा ढल व्यवस्थापनका लागि १ थान टेलारी सिहतको ट्रेक्टर खरिद गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्रका मुख्य चोक,बजार तथा सार्वजनिक स्थलहरु (हनुमान मन्दिर र दुर्गा मन्दिर) मा सार्वजनिक शौचालय निर्माण गर्ने अवधारणाको विकास गरिनेछ।
- नगरपालिका पूर्ण खुल्ला दिसामुक्त क्षेत्र घोषणाको अवस्थालाई कायम राखिनेछ।

- **संस्कृति प्रवर्द्वनः**

- बौधीमाई नगपालिकाको  कला, सँस्कृति, भाषा, धर्म र सम्पदाको संरक्षण एवं विकासलाई जोड दिइनेछ।
- नगरपालिकामा रहेका पुरातात्विक महत्वका बस्ती, संरचना, मठ मन्दिर, मस्जीद, दरगाह, शिलालेख जस्ता ऐतिहासिक धरोहरको पहिचान गरी संरक्षण गरिनेछ ।
- वाज्जिका साहित्य, संस्कृती संरक्षण सम्वन्धी कार्य गरिनेछ ।

- **लैंगिक समानता तथा सामाजिक समावेशीकरणः**

- छोरी विमा कार्यक्रम अनिवार्य रुपमा लागु गरिनेछ ।
- यस नगरपालिकाबाट प्रवाह हुने हरेक सेवा सुविधामा महिला, बालबालिका, फरक क्षमता भएका, ज्येष्ठ नागरिकहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
- महिला, दलित, अपाङ्ग, बालबालिका, अल्पसंख्यकहरुको क्षमता विकास, सशक्तिकरणको लागि पहल गरिनेछ ।
- "छोरी वचाउ छोरी पढाउ" कार्यक्रम अन्तर्गत छोरी जन्मीने वितीकै रु.५०० का दरले १२ महिनासम्म जम्माहुने गरि जम्मा रु.६०००को विस वर्षका लागि मुद्दती खाता खोली विमा समेत संग जोडीने कार्य गरिनेछ ।
- २०८२ सालमा बालमैत्री तथा बालश्रम मुक्त नगरपालिका घोषणा गर्न आवश्यक सुचकहरुलाई पुरा गर्ने क्रियाकलाप संचालन गरिनेछ

- **बहुक्षेत्रिय पोषण तर्फः**

- बहुक्षेत्रिय पोषण कार्यक्रमलाई पारदर्शि र प्रभावकारी रुपमा सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- पोषण कार्यक्रमको प्रभावकारीता विषयमा सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम गरिनेछ । साथै आवश्यकता र स्थानिय क्षमताको आधारमा साझेदारी गरिनेछ ।
- पोषणमैत्री नगर निर्माणको अवधारणा स्वरुप चालु आ.व.मा पोषणमैत्री वडा निर्माण कार्य अगाडी बढाउन कार्यक्रमहरु संचालन गरिनेछ ।
- पोषणमैत्री वडा निर्माणका लागि वडामा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- सुनौलो हजार दिनका महिलाहरुको पोषण अवस्थालाई मध्यनजर गर्दै आय आर्जन गर्नका लागि सुनौलो हजार दिनका महिलाहरुको समूहलाई अनुदान संचालन गरिनेछ ।
- समुदायिक विधालयहरुमा पोषण कार्यक्रम संचालन गरिनेछ ।
- बालपोषण भत्तालाई शिशु अहारसँग आवद्ध गराउने अभिमुखिकरण कार्यक्रम संचान गरिनेछ ।
- बाल स्वास्थ्य र मातृशिशु स्वास्थ्यलाई अक्ष व्यवस्थित र प्रभावकारी बनाउन वडाहरुमा पोषण सम्बन्धि सचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।
- विपन्न सुनौलो हजार दिनका महिलाहरुलाई आय आर्जन वढाउनका लागि तालिमको व्यवस्था गरिनेछ ।

- **पञ्जिकरण शाखा तथा सेवा इकाई तर्फः**

- सामाजिक सुरक्षा भत्ता भुक्तानी शिविरद्वारा प्रत्येक वडा कार्यालयबाट वितरण गरिने सेवा प्रवाहलाई निरन्तरा दिनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी जनप्रतिनिधि, स्थानिय पञ्जिकाधिकारी र सरोकारावालाहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- सामुदायिक विधालयहरुलाई व्यक्तिगत घटना दर्ता सम्बन्धी सचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।

## ३.पूर्वाधार विकासः

**i. सडक तथा पुलः**

- नगरपालिका भित्रका सडकहरु कालोपत्रे, ढलान तथा निर्माण कार्यको लागि अवश्यक बजेट विनियोजन गरिनेछ ।
- नगरपालिकाकव सम्पूर्ण क्षेत्र भित्र ढलनाला व्यवस्थापनको साथै प्रत्येक वडाको मुल वाटोलाई पहिलो प्राथमिक्ता दिईनेछ ।

- वंकुल वजार अझ व्यवस्थित वनाउने कार्य गरिने छ।
- वाटो चौडिकरण कार्य समुदाय ,राजनितिक दल ,समाजसेवी ,सरकोरवाला संगको सहकार्यमा अझ शसक्त, र वैज्ञानिक तरिकाले सम्पादपन गरिने र यस आ.व.मा ऐलानि ५० विघा जमिन निकाल्ने लक्ष्य राखेकी छु ।
- नगरपालिका भित्र रहेका सडकहरुको पहिचान गरी प्रथम, द्वित्तिय र तृतिय श्रेणी वर्गीकरण गरि त्यसै अनुरुप काम गरिनेछ ।
- दैविक प्रकोपबाट क्षति भई बाटो अवरोध हुने अवस्थाम मर्मतको लागि आवश्यक नीति लिएकी छु ।
- न.पा. भित्र हरेका विद्यालयहरुको भवनको पहिचान गरि आवश्यकताको आधारमा निर्माण कार्य गरिनेछ ।
- रोडको छेउछाउमा रोडलाई असर पर्ने संरचना (जस्तै नाद,खुटा,पराल,गाई वस्तु) राखेकालाई कानुनको दायरामा ल्याईनेछ ।
- न पा भित्र को मुल बाटोहरुमा वृक्षा रोपण गरि हेरालुको व्यवस्थापन गरिने छ ।
- न पा भित्र रहेका अतिक्रमित सार्वजनिक जग्गालाई कडाईका साथ खालि गराईनेछ ।

**ii. सिंचाईः**

- सिचाईका लागि आवश्यक बोरिङ, मोटर आदि किसानलाई सहुलियत अनुदानमा उपलब्ध गराइनेछ |
- कृषि सिचाई कार्यको लागि सहजताको लागि कृषि पोल तार विस्तारको लागि निरन्तरता दिइनेछ।
- सिंचाई वाट वञ्चित रहेका खेती योग्य जमिनमा सिंचाईको व्यवस्था गरिने छ ।

**iii. भवन निर्माण :**

- नगरपालिकाको प्रशासनीक भवन निर्माण गर्न आवश्यक जग्गाको व्यस्थापन गरी नेपाल सरकार संग आवश्यक बजेट माग गरी निर्माणको कार्यलाई सुरुवात गरिनेछ।
- यस नगरपालिकाको ६ नं. वडा कार्यालयको भवन निर्माण ,स्वास्थ्य चौकिमा ल्याव भवन ,उपचार भवन वाउन्ड्री व्यवस्थापन गरि गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह गरिने ,वार्ड न.४ को प्रसुति भवन मा तला थप गरि क्वाटर व्यवस्थापन गरिने , नगर स्तरिय अस्पताल भवन निर्माांण कार्य तदारुकताका साथ गराइ दरवन्दि माग का कृयाकलाप गरिने , इनर्वा नदिपारि स्वास्थ्य सेवा इकाइ का भवन निर्माण गरिने छ ।
- यस नगरपालिका अन्तर्गतका घरहरुको अनिवार्य नक्सा पास गराईनु पर्नेछ।
- इलाका प्रहरी कार्यालय कोपवामा सुविधा सम्पन्न प्रतिक्षालय निर्माण गरिनेछ ।

**i. संचारः**

- यस नगरपालिकाको मातहतका सरकारी कार्यालयहरु तथा चोक बजारमा सिसिटिभि क्यामरा जडान गरी इन्टरनेटको माध्यबाट एकिकृत निगरानीमा ल्याइनेछ।

**४. वातावरण तथा विपद व्यवस्थापनः**

**क) वन तथा भू-संरक्षणः**

- भुवाली चौक देखी ईलाका प्रहरी कार्यालय कोपवासम्म तथा सडक किनारामा भूक्षय प्रतिरोधी विरुवाहरु रोप्न सडकको दुवै किनारमा बृक्षारोपण गर्न आवश्यक बजेट विनियोजन गरिनेछ साथै त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित समुदायलाई परिचालन गरिनेछ ।

**ख) जलवायु परिवर्तनः**

- नगरपालिका भित्र जलवायु परिवर्तनले पारेको प्रभाव तथा असर बारे मध्यनजर गर्दै जलवायु परिवर्तनलाई न्युनिकरण गर्न वोट विरुवा हर ऐलानि जमिनमा लगाउन पहल गरिनेछ ।

**ग) फोहोरमैला व्यवस्थापनः**

- नगरपालिका क्षेत्रको फोहोरमैला तथा बजार व्यवस्थापन गरी प्रभावकारी रुपमा पालिकालाई स्वच्छ, हराभरा, सुन्दर राख्न फोहोरमैला व्यवस्थापनको लागि पहल गरिनेछ ।

**घ) विपद व्यवस्थापनः**

- नगरपालिका भित्र हुन सक्ने विपद् व्यवस्थापन गर्न एक आकस्मिक( विपद व्यवस्थापन) कोषको व्यवस्था गरिनेछ।
- लाल बकैया खोला इनर्वामा तटबन्ध निर्माण गर्न अवश्यक पहल गरिनेछ।

**1. संस्थागत विकास तथा सेवा प्रवाहः**

**क) मानव संशाधन विकासः**

- नगरपालिकाकामा उपलब्ध मानव संशाधनहरुको क्षमता विकास गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- सबै वडा कार्यालयहरु तथा नगरपालिकामा नागरिक वडापत्रको व्यवस्था गर्दै चुस्त दुरुस्त सेवा प्रवाह गरिनेछ ।

**ख) सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोगः**

**ग)** नगरपालिका तथा वडा कार्यालयबाट प्रवाह हुने सेवामा विद्युतीय सूचना प्रविधिको अत्याधिक प्रयोग गर्दै सेवा प्रवाहलाई सरल, छिटो र छरितो बनाइनेछ ।

**घ)** बौधीमाईको लेटर प्याडमा बौधीमाई मन्दीरको फोटो राखीनेछ ।

## ङ) वित्तीय व्यवस्थापन र सुशासनः

### i. राजस्व परिचालनः

- आम जनतालाई कर तथा राजश्वको महत्वका बारेमा जनचेतना बिस्तार गरिनेछ ।
- करका थप दायरा तथा स्रोतको पहिचान गरी कर संकलन कार्यलाई व्वयस्थित तथा सजिलो बनाउन गाउँघरमा नै गई कर संकलन अभियान संचालन गरिनेछ।

### ii. बेरुजु फर्छ्यौटः

- यस नगरपालिकालाई बेरुजु रहित नगरपालिका बनाइनेछ । साथै साविकका गा.वि.स.का पुरानो बेरुजुहरु नियमानुसार असुल उपर गरिनेछ । समयमै वेरुजु असुल उपर गर्ने व्यक्ति संस्थालाई उचित पुरस्कारको व्यवस्था गरिनेछ । वेरुजु असुलीलाई कडाइका साथ अवलम्वन गरी बेरुजु रहित नगरपालिका वनाइनेछ।

### iii. सार्वजनिक सुनुवाईः

- नगरपालिकाबाट प्रवाह हुने सेवाको बारेमा समय समयमा सार्वजनिक सुनुवाई गरिनेछ ।
- बौधीमाई नगरवासीमा नगरपालिका बाट प्रदान गरिने सेवा सुविधाहरु प्रति सुशासनको अनुभव दिलाउन सामाजिक परीक्षणको परिपाटी समेत अँगीकार गरिनेछ।

## जल वायु परिवर्तन /पार्यावरण तर्फ / वातावरण तर्फ

- स्वच्छ र हराभरा नगरपालिका बनुनको लागि सवच्छता( सरसफाई) तथा बृक्षारोपण अभियान चलाउनको साथै वार्ड नं १ देखि ९ सम्मको नाला निर्माण/पानि निकास मिलाउने निति लिएको छ
- आवश्याक्ता अनुसार स्विपर को व्यस्था गरिने निति लिएको छ ।

## खानेपानि तर्फ

- वार्ड नं ८ , ९ र ३ मा संचालन मा रहेको खानेपानि टंकी लाई ब्यस्थित गर्नु को सथै बाँकि रहेको वडाहरुमा खानेपानि टंकी निर्माणको लागि आवश्यक पहल गरिने छ ।

## स्वरोजगार तर्फ

- बेरोजगार युवा युवतिहरुको लागि स्वरोजगार तथा सिपमुलक तालिम दिई रोजगारी दिने निति लिएको छु ।

## भुमी सम्बन्धी

- नगरपालिका भित्र अतिक्रमित रहेका सरकारी जग्गाहरु खालि गराई आवश्यकता अनुसार उत्पादन संग जोडीने छ ।

- जग्गाहरुको वैज्ञानिक डिजीटल वर्गिकरण गरिनेछ ।
- सरकारी जग्गामा नगरपालिका / प्रदेश सरकार तथा संघिय सरकारवाट बनेका संरचनाहरु (सटरहरु) नगरपालिका अन्तर्गत ल्याईने निती लिइएको छ ।

**कर सम्बन्धी**

- नगरपालिका भित्र रहेका उधोग, कलकारखाना तथा पसलहरुलाई करको दायरामा ल्याइनेछ ।
- घर नक्शा तथा अभिलेखीकरणलाई कडाईका साथ लागु गरिने निती लिइएको छ ।

**धर्म/संस्कृति**

- चाडपर्व तथा विभिन्न धर्म संस्कृतिहरुको संरक्षण गर्न आवश्यक निती लिइएको छ ।
- हरेक समुदायको विभिन्न चाडपर्वमा आवश्यक सहयोग गर्ने निती लिएको छ ।

**असक्त/अनाथ/वृद्धा आश्रम सम्बन्धी**

- घर परिवार वाट तिरष्कृत भई दुःख पाइरहेका वृद्ध/वृद्धाहरु को लागी नगर स्तरीय एक वृद्ध आश्रम स्थापनाको सुरुवात यसै वर्ष गरिने निती लिएको छ ।

# बजेट वक्तव्य

बौधीमाई नगरपालिकाको सम्मानित गरिमामय नगरसभामा आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमको प्रस्तुतीकरण कार्यक्रमको १० औं नगर सभाका सभाध्यक्ष महोदय प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि तथा सभा सदस्यज्यूहरु, कर्मचारीहरु, सुरक्षकर्मी, संचारकर्मी एवं पत्रकार ज्यूहरु लगायत अन्य महानुभावहरु यस नगर सभाको कार्यक्रममा उपस्थित भई दिनु भएकोमा सर्वप्रथम म हार्दिक अभार प्रकट गर्दछु ।

बौधीमाई नगरपालिकाको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित महसुस गरेको छु । अवधारणा अनुसार आर्थिक, सामाजिक विकासका लागि राजश्व परामर्श समितिबाट सम्भाव्यता अध्ययन गरी आवश्यक राजश्व अनुमान आन्तरिक आय र अन्य निकायबाट प्राप्त हुने आय बौधीमाई नगरपालिका श्रोत परिचालन गर्न संघीय सरकार, प्रदेश सरकार बाट प्राप्त आयलाई मध्यनजर गर्दै तयार गरिएको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

बहुजातिय, बहुभाषिय, बहुधार्मिक तथा भौगोलिक विविधायुक्त विशेषतालाई आत्मसाथ गरि विविधता विचको एकता सामाजिक, सांस्कृतिक एक्यबद्धता सद्भावलाई संरक्षण एवं प्रर्बधन गर्दै वर्गीय, जातिय, क्षेत्रिय, भाषिक, धार्मिक, लैंगिक, विभेद सबै प्रकारका जातिय छुवाछुत अन्त्य गरी आर्थिक समानता सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामुलक सिदान्तको आधारमा समतामुलक समाजको निर्माण गर्ने राष्ट्रिय संकल्पलाई आत्मसाथ गर्दै संघीय सरकार, प्रदेश सरकार संगको सहकार्य, सह-अस्तित्व र समन्वयको भावना अनुरुप कार्यगत एकता गर्दै यस नगरपालिकाको स्वाधिनता,समृद्धि,आत्मनिर्भरता र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न हाम्रो लक्ष्य रहेको छ ।

**आदरणीय महानुभावहरु**

आज हामी यस सम्मानित गरिमामय सभामा बौधीमाई नगरपालिकाको आउँदो दिनका भविष्य निर्माणको निमित्त यहाँ उपस्थित भएका छौं ।

नेपालको संविधान २०७२ को कार्यान्वयन सगै गठन भएको यस नगरपालिकाको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुतीकरण संविधानमा व्यवस्था भए अनुसार प्रत्येक आर्थिक वर्षको असार १० गते भित्र प्रारम्भ भई अषाढ मसान्त भित्रमा नीति, बजेट तथा कार्यक्रम पारित गरि सक्नु पर्ने व्यवस्था छ ।

जनताको अकांक्षा अनुसार बजेट कार्यान्वयन तथा सेवा प्रवाह गर्न विभिन्न कठिनाईहरु भएता पनि अब बजेट पारित गरी समयमा नै जनभावना अनुसार कार्य गर्न हामी सबै क्रियाशिल हुनु पर्ने अवस्था छ । आर्थिक वर्ष २०८२/०८३ को लागि तयार गरिएको वार्षिक बजेटले नगरपालिकाका विविध पक्षहरुलाई समेटने अपेक्षा लिईएको छ ।